# आकाशवाणी समाचार- नेपाली

मितिः ०६ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. उपराष्ट्रपति जगदीप धनखडले देशका नागरिक पूर्ण रूपमा राष्ट्रवादमा समर्पित नभएसम्म कुनै पनि देश अघि बढ्न नसक्ने बताउनुभएको छ।

**२. प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाहरुको को उद्घाटन र शिलान्यास गर्नुहुनेछ।**

३. अमरीकाका राष्ट्रीय सुरक्षा सलाहकार जेक सुलिवनले आज नयाँ दिल्लीमा भारतका राष्ट्रीय सुरक्षा सलाहकार अजित डोभालसित भेट गर्नुहुनेछ।

४. केन्द्रीय इस्पात मन्त्री एचडी कुमारस्वामीले आज नयाँ दिल्लीको विज्ञान भवनमा इस्पात उद्योगको लागि 'पीएलआई योजना 1.1' को शुभारम्भ गर्नु हुनेछ।

५. हॉकी इंडिया लीगमा तमिलनाडु ड्रैगन्सले हिज राती यूपी रुद्राज लाई 2-0 ले पराजित गरेर आफ्नो पहिलो जीत दर्ता गरेको छ।

**धनखड- एनसीसी**

उपराष्ट्रपति जगदीप धनखडले देशका नागरिक पूर्ण रूपमा राष्ट्रवादमा समर्पित नभएसम्म कुनै पनि देश अघि बढ्न नसक्ने बताउनुभएको छ। दिल्लीमा एनसीसी गणतन्त्र दिवस शिविर 2025 मा बोल्दै, श्री धनखडले भन्नुभयो कि भारतको विकासका लागि राष्ट्रवाद, संगठन र राष्ट्र प्रथम दृष्टिकोणको आवश्यकता छ। उपराष्ट्रपतिले देशको रुपान्तरण सामाजिक सद्भाव, जमिनी स्तरमा देशभक्तिको मूल्य अभिवृद्धि, वातावरणसम्बन्धी चेतना, आत्मनिर्भरता र नागरिक कर्तव्य गरी पाँच आधारभूत सिद्धान्तमा निर्भर रहेको बताउनुभयो। श्री धनखडले मानिसहरू र युवाहरूलाई भारतलाई अनुशासन र सभ्यताको गौरवशाली देशमा रूपान्तरण गर्न यी पाँच सिद्धान्तहरू अनुसरण गर्न आग्रह गर्नुभयो। युवाहरुलाई सम्बोधन गर्दै उहाँले हरेक युवामा आफूले पाएको अवसरको सही सदुपयोग गर्ने क्षमता रहेको बताउनुभयो। एनसीसीको योगदानको स्मरण गर्दै श्री धनखडले अनुशासित वर्गको विकासको बाटो एनसीसीले देखाउनुपर्ने बताउनुभयो।

****** ० ******

**प्रधानमंत्री रेल परियोजनाहरु**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाहरुको को उद्घाटन र शिलान्यास गर्नुहुनेछ। जम्मु क्षेत्रमा रेल कनेक्टिभिटीलाई थप बढावा दिन प्रधानमन्त्री मोदीले नयाँ रेल विभागको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले तेलंगानामा चार्लापल्ली नयाँ टर्मिनल स्टेशन समर्पित गर्नुहुनेछ र पूर्वी तट रेलवेको रायगडा रेलवे डिभीजन भवनको शिलान्यास गर्नुहुनेछ।

****** ० ******

प्रधानमंत्री - आयुर्वेद अनुसंधान संस्थान

प्रधानमंत्री नरेन्द्र मोदीले हिज वर्चुअल माध्यम द्वारा नयाँ दिल्लीको रोहिणीमा केंद्रीय आयुर्वेद अनुसंधान संस्थानको नयाँ भवनको आधारशिला राख्नुभयो। नयाँ अत्याधुनिक भवनको निर्माण लगभग 185 करोड़ रुपियाँको लागतमा गरिनेछ। 2.92 एकड़मा फैलीएको यो सुविधा परंपरा अनि नवाचारको मिश्रण हुनेछ , जसले समग्र उपचार, विशेष क्लीनिक अनि कौशल विकासको नयाँ अवसर प्रदान गर्नेछ। आफ्नो संबोधनमा , श्री मोदीले गरीब भन्दा गरीब व्यक्ति सम्म स्वास्थ्य सेवा पुर्याउने सरकारको लक्ष्य माथि जोर दिनुभयो। प्रधानमंत्रीले भन्नुभयो कि सरकारले आयुष अनि आयुर्वेद जस्ता पारंपरिक भारतीय चिकित्सा प्रणालिहरुलाई

पनि प्रोत्साहन दिईरहेको छ। बिगत एक दशकमा आयुष प्रणालीको विस्तार 100 भन्दा अधिक देशहरुमा भएको उहाले बताउनुभयो। श्री मोदीले यस बिषय माथि पनि प्रकाश पर्नुभयो पारंपरिक चिकित्सासित संबंधित पहिलो विश्व स्वास्थ्य संगठन (WHO) संस्थान भारतमा स्थापित गरिँदैछ। उहाले भन्नुभयो -केहि सप्ताह पुर्ब , उहाले अखिल भारतीय आयुर्वेद संस्थानको दोस्रो चरणको उद्घाटन गर्नुभएको थियो।

****** ० ******

## भारत-अमरीका एनएसए बैठक

अमरीकाका राष्ट्रीय सुरक्षा सलाहकार जेक सुलिवनले आज नयाँ दिल्लीमा भारतका राष्ट्रीय सुरक्षा सलाहकार अजित डोभालसित भेट गर्नुहुनेछ। यस बैठकमा महत्वपूर्ण अनि प्रौद्योगिकी -आईसीईटी साथै अन्य द्विपक्षीय विषयहरु माथि व्यापक चर्चा गरिनेछ। विदेश मंत्रालयका प्रवक्ता रणधीर जयसवालले हिज संवाददाताहरुलाई बताउनुभयो कि भारत अनि अमरीका बीच निरंतर तथा विस्तृत चर्चा हुने गर्दछ। उहाले अझ भन्नुभयो कि वर्तमान अमरीकी सरकारको कार्यकाल समाप्ति हुन् लागेको छ , तर यस अवधि पनि यस प्रकारको बैठकहरु अनि यात्राहरुले देशहरुको बीचको सम्बन्ध सुदृढ़ भैरहेको छ। श्री सुलिवनले विदेश मंत्री डॉ. एस. जयशंकरसित पनि भेट गर्नुहुनेछ। उहाको भारतीय प्रौद्योगिकी संस्थान दिल्ली जाने पनि कार्यक्रम रहेको छ।

****** ० ******

## प्रह्लाद जोशी

केंद्रीय उपभोक्ता मामिला, खाद्य एवं सार्वजनिक वितरण, नयाँ एवं नवीकरणीय ऊर्जा मंत्री प्रह्लाद जोशी ले आज मध्य प्रदेशको खान्डवा जिल्लामा ओमकारेश्वर फ्लोटिंग सोलर परियोजनाको निरीक्षण गर्नु भयो। ओमकारेश्वर फ्लोटिंग सौर्य परियोजना मध्य प्रदेशमा पहिलो र देशको सबैभन्दा ठूलो फ्लोटिंग सौर्य परियोजनाहरू मध्ये एक हो। यस अवसरमा श्री जोशीले यो अनौठो आयोजना भएको अनि देशका धेरै ठाउँमा सुरु गर्न सकिने बताउनुभयो।

****** ० ******

## कुमारस्वामी - पीएलआई

केन्द्रीय इस्पात मन्त्री एचडी कुमारस्वामीले आज नयाँ दिल्लीको विज्ञान भवनमा इस्पात उद्योगको लागि 'पीएलआई योजना 1.1' को शुभारम्भ गर्नु हुनेछ। यस कार्यक्रममा मन्त्रीले आवेदन पनि आह्वान गर्नेछन्। इस्पात मन्त्रालयले बताए अनुसार मन्त्रालयको पीएलआईले लगभग 27 हजार करोडको लगानी आकर्षित गरेको छ अनि 14 हजार भन्दा अधिक मानिसहरूलाई प्रत्यक्ष रोजगार प्रदान गरेको छ।

****** ० ******

## मस्क सोरोस ट्रोल

टेस्लाका मुख्य कार्यकारी अधिकारी अनि नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको नजिकका सहयोगी एलन मस्कले अरबपति जॉर्ज सोरोसलाई ऑनलाइन ट्रोल गरेका छन्। सोरोसलाई अमरीकी राष्ट्रपति जो बाइडेनले अमरीकाको सर्वोच्च नागरिक सम्मान प्रेसिडेंशियल मेडल ऑफ फ्रीडम द्वारा सम्मानित गर्नुहुनेछ। एक सोशल मीडिया पोस्टमा मस्कले जॉर्ज सोरोसको तुलना एक काल्पनिक खलनायक सित गरेका छन्। अरबपति निवेशक अनि समाजसेवी सोरोसको लामो समय देखि आलोचना भैरहेको छ। राष्ट्रपति बाइडेनले हिज सोरोसलाई प्रेसिडेंशियल मेडल ऑफ फ्रीडमका 19 प्राप्तकर्ताहरु मद्धे एकको रूपमा नामित गर्नुभएको थियो।

****** ० ******

## सीएक्यूएम-एक्यूआई

ग्रेडिड रेस्पोन्स एक्शन प्लान-ग्रैप माथि वायु गुणवत्ता प्रबंधन आयोगको उपसमितिले समस्त राष्ट्रीय राजधानी क्षेत्र-एनसीआर मा तत्काल प्रभावद्वारा ग्रैपको तेस्रो चरण हटाएको छ। ग्रैप-2 अनि ग्रैप-1 अन्तर्गत सबै प्रतिबंध लागू रहनेछ। आगामी दिनहरुमा वायु गुणवत्ता स्तरलाई खराब हुनबाट रोक्नको लागि समस्त एनसीआरमा मा सबै संबंधित एजेंसिहरुले यस प्रतिबंधहरुलाई लागू गर्नेछ अनि निगरानी तथा समीक्षा गर्नेछ। दिल्ली एनसीआरमा समग्र वायु गुणवत्ता मानकहरुको व्यापक समीक्षा अनि अनुकूल मौसमलाई ध्यानमा राख्दै उपसमितिले वायु गुणवत्तामा सुधार भैरहेको बताएको छ। साझ 5 बजे वायु गुणवत्ता सूचकांक 335 दर्ता गरियो। अनुकूल मौसम बीच आगामी दिनहरुमा दिल्लीको औसत वायु गुणवत्ता सूचकांक खराब

श्रेणीमा बनिरहने छ। ग्रैप-3 हटईए पछि अब भवन निर्माण अनि तोड़फोड़को गतिविधियां फेरी शुरू हुन सक्नेछ।

****** ० ******

**हॉकी इंडिया लीग**

हॉकी इंडिया लीगमा तमिलनाडु ड्रैगन्सले हिज राती यूपी रुद्राज लाई 2-0 ले पराजित गरेर आफ्नो पहिलो जीत दर्ता गरेको छ। ओडिशाको राउरकेला स्थित बिरसा मुंडा स्टेडियममा भएको म्याचमा तमिलनाडुका आभारन सुदेव अनि थॉमस सोर्सबीले गोल गरे।यसभन्दा पुर्ब राउरकेलामानै सूरमा हॉकी क्लबले वर्तमान विजेता वेदांत कलिंग लांसर्स लाई 4-3 ले पराजित गरे। आज सूरमा हॉकी क्लबको भिडन्त दिल्ली एसजी पाइपर्स सित हुनेछ। यो म्याच राती 8 बजेर 15 मिनेट जाँदा शुरु हुनेछ।

****** ० ******

**आईएमडी-मौसम**

उत्तर भारतमा शीतलहरको स्थिती बनीरहेको छ। मौसम विभागले बताए अनुसार जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान अनि मुजफ्फराबादमा आगामी चार - पांच दिनहरुमा न्यूनतम तापमान 4 देखि 5 डिग्री सेल्सियस कम्ति हुने सम्भावना छ। विभागले आज हिमाचल प्रदेशको बेग्ला-बेग्लै भागहरुमा गर्जन साथ भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। पंजाब, हरियाणा, चंडीगढ़, दिल्ली, उत्तर प्रदेश, राजस्थान, पश्चिम बंगाल, सिक्किम, बिहार, झारखंड अनि पूर्वोत्तर क्षेत्रहरुमा आगामी 2 दिन सम्म राती अनि बिहान बाक्लो कुहिरो लाग्ने संभावना छ। मौसम विभागका अनुसार, आगामी तीन देखि चार दिनहरुको अवधि उत्तर-पश्चिम, मध्य अनि पश्चिमी भारतमा न्यूनतम तापमानमा कुनै बिशेस परिवर्तन हुनेछैन।

****** ० ******